# सि–आस्बा प्रणाली अनिवार्य रुपमा लागू गरिएको सम्बन्धमा

यस लि. बाट मिति २०७४/१०/०९ गते राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४ को कार्यान्वयन संगै अब उप्रान्त सार्वजनिक निष्काशनमा धितोपत्र खरिदको आवेदन अनिवार्य रुपमा Centralized Application for ASBA based Issuance (C-ASBA) प्रणाली मार्फत् गर्नुपर्ने सम्बन्धमा प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट लागू गरिएको व्यहोरा सम्बन्धित सबैलाई अवगत नै छ। सो सम्बन्धमा नेपाल धितोपत्र बोर्डबाट लगानीकर्ताहरुलाई C-ASBA रजिष्ट्रेशन नम्बर प्राप्त गर्ने यथोचित अवसर दिनुपर्ने व्यवहारिक पक्षलाई दृष्टिगत गरी अनिवार्य रुपमा यस प्रणाली मार्फत् दरखास्त दिने व्यवस्था गर्न कम्तीमा एक महिनाको समय उपलब्ध गराउन निर्देशन भएको हुँदा मिति २०७४।११।११ गतेदेखि उक्त प्रणाली अनिवार्य लागू हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

साथै, यसै सूचना मार्फत सम्पूर्ण लगानीकर्ता महानुभावहरुलाई आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा गई मिति २०७४।११।११ गतेभित्र सि–अस्बा रेजिस्ट्रेसन नम्बर (CRN) लिईसक्नु हुन अनुरोध गरिन्छ।

**सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि)**

**शेयर मार्केटस् कमर्सियल कम्पलेक्स, चौथो तल्ला**

**पुतलीसडक, काठमाडौं**

**सम्पर्क नं.: ०१–४२३८००८, ४२१६०६८, ४२४०१५०**